नेपाल सरकार
खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
चलानी नं.:-

# प्रेस विज्ञप्ति

मिति २०८०।४।११ गते विहिबारका दिन खानेपानी मन्त्रालयका मन्त्री माननीय श्री महिन्द्र राय यादवज्यूको अध्यक्षतामा मधेश प्रदेश अन्तर्गत जिल्लाहरूका विभिन्न निर्वाचन क्षेत्रहरूको प्रतिनिधित्व गर्ने माननीयज्यूहरूको समुपस्थितिमा तराई-मधेशमा हाल देखिएको खानेपानी सम्बन्धी समस्या र समाधानका उपायहरूको छलफल कार्यक्रम सम्पन्न भयो ।

तराई- मधेशका जिल्लाहरूको भूमिगत पानीमा हानिकारक आर्सेनिक तत्व पाइने गरेको यथार्थ र यसले मानव स्वास्थ्यमा पुर्याउने हानीको विषयमा हामी सबै जानकार नै छौं । सबै नागरिकलाई आर्सेनिकमुक्त पानी वितरण गर्नु राज्यको अभिभारा हो । यसका निम्ति राज्यको तीनै तहको सरकारको भूमिका महत्वपूर्ण हुने हुँदा तीनै तहका सरकारको आवश्यक समन्वय, सहकार्य तथा सहजीकरणका साथ कार्यक्रम/आयोजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

हाल विविध कारणले भूमिगत पानीको सतह घट्दै गईरहेको सन्दर्भमा मधेशमा खानेपानीको चरम अभाव भईरहेको छ । पानीका श्रोतहरू सुकिरहेका छन्, चापाकलबाट पानी आईरहेको छैन, जनजीवन अस्तव्यस्त छ । खानेपानीको समस्या समधानका लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रूपमा योजनावद्ध तरिकाबाट तीनै तहको सरकारको समन्वयमा खानेपानी कार्यक्रम तथा आयोजना सञ्चालन गर्नुपर्ने सबै माननीयज्यूहरूबाट सकरात्मक सुझावहरू प्राप्त भएका छन् । राज्यको सिमित श्रोतवाट समस्याहरू समाधान गर्दै जानुपर्ने हालको स्थितिलाई मध्यनजर गर्दै सबैको साथ तथा सहयोग प्राप्त हुनेमा खानेपानी मन्त्रालय विश्वस्त छ ।

...............................
(प्रवक्ता)
**मीना श्रेष्ठ**
**सह-सचिव**

CamScanner